Govt. Reg. No.: 83288/067/068

Saurya Airlines Pvt. Ltd.

You are in good hands...

# प्रेस विज्ञप्ति

सौर्य एयरलाइन्स प्रा.लि.को 9 N-AME कलसाइनको विमान नियमित प्राविधिक परीक्षणका लागि काठमाडौंबाट पोखरा प्रस्थानका क्रममा २०८१/०४/०९ गते अकल्पनीय जहाज दुर्घटना पश्चात हामीलाई परेको बज्रपातका क्रममा उद्दार कार्यमा प्रत्यक्ष, परोक्ष रुपमा सहयोग, सद्भाव र सहानुभूती  तथा समवेदना व्यक्त गर्नुहुने सम्पूर्णप्रति आँशु बगाउदै हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

खासगरी दुर्घटना पश्चात नेपाल सरकार, नेपाल प्रहरी, नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल नागरिक उड्डयन प्राधिकरण, बारुण यन्त्र, एम्वुलेन्स, काठमाडौं मेडिकल कलेज तथा महाराजगंज शिक्षण अस्पतालमा कार्यरत सम्पूर्ण चिकित्सक वर्गहरु, सौर्य एयरलाइन्स तथा सम्पूर्ण आन्तरिक र अन्तर्राष्ट्रिय एयरलाइन्स परिवारहरु, आमसञ्चार क्षेत्र, आम जनसमुदायहरुप्रति आभार व्यक्त गर्दै तपाईहरुको साहसिक सहयोग र तत्परताविना हामी यो कठिन समयमा सुरक्षित र कुशल व्यवस्थापन गर्न असमर्थ हुने थियौ । संकटको बेलामा तपाईहरुले दिलाउनु भएको यो साथ र सहयोगलाई हामी कहिल्यै भूल्ने छैनौं । यस दुर्घटनाका कारणले उत्पन्न असुविधाका लागि हामी हाम्रा यात्रुहरु तथा उहाँहरुका परिवार र समग्रमा नेपाली जनसमुदाय सामु क्षमायाचना गर्न चाहन्छौ ।

यो अकल्पनीय घट्ना पश्चात्त हामीले यस संस्थाको स्थापना देखि धरोहरको रुपमा रहि सेवा गर्दै आएको प्राविधिक व्यवस्थापन समूह नै गुमाएका छौं । दूर्घटनामा दिवंगत हुनुभएका एक विदेशी प्राविधिक सदस्य बाहेक अन्य सवै विमानमा सवार सदस्यहरुको शव सम्वन्धित परिवारले बुझिसक्नुभएको छ । विदेशी प्राविधिकको शव उहाँको देशमै पठाउने प्रक्रियामै रहेको अवगत गराउँछौं । यात्रामा सवार भै दिवंगत हुनुभएका सम्पूर्ण सदस्यहरुले प्राप्त गर्ने यात्रु विमाको सम्पूर्ण प्रक्रिया अगाडि बढाइसकेका छौं । त्यसवाहेक नेपाल सरकारको नियमानुसार प्राप्त गर्ने सम्पूर्ण सुविधा  उपलव्ध गराउने कुरामा प्रतिवद्ध छौं ।

अन्त्यमा, हामी अहिले शोकको घडीमा छौं । अव छिट्टै नै नियमित उडान मार्फत पुनः यात्रु महानुभावहरुसँग जोडिने नै छौं । त्यसैले हाम्रा एयरलाइन्सका सम्पूर्ण कर्मचारीहरुलाई उच्च मनोवलका साथ यात्रु महानुभावहरुको सुरक्षा र सेवाप्रति अझै मजबुत भएर अगाडि बढ्न आग्रह गर्दछौ । हामी हाम्रा यात्रुहरुलाई सुरक्षित, आरामदायी र भरपर्दो सेवा प्रदान गर्ने हेतुले निरन्तर सुधार र सतर्कता अपनाउदैं आगामी दिनहरुमा सवैको विश्वास, सहयोग र समर्थन प्राप्त गर्ने अपेक्षा गर्दछौ ।

धन्यवाद !

दीपक कुमार पोखरेल

अध्यक्ष

सौर्य एयरलाइन्स परिवार

मितिः २०८१ साउन १३

Babu Ram Acharya Marg, Sinamangal - 9, Kathmandu, Nepal, P.O. Box: 3337, Tel: +977 1 4116608, 4116609, 4116610
Reservation: +977 1 4116626, Email: info@sauryaairlines.com, Web: www.sauryaairlines.com